# नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण ।

## नुवाकोट भैरवीको छत ।

## वि. सं. १८७१ को अभिलेख ।

शङ्करमान राजवंशी

**परिचयः–**

श्री जनरल भीमसेन थापाले श्री गीर्वाणयुद्धविक्रमका पालामा वि. सं. १८७१ आषाढ वदि ११ रोज ३ मा नुवाकोटका भैरवी मन्दिरको छत बनाई सो छतमा अभिलेख कुंदाएका र सो छत बनाउंदा नुवाकोटका धामीलाई भोजन पनि गराएका थिए भन्ने कुरा सो अभिलेखमा व्यक्त गरिएको छ ।

**मूलः–**

**श्री मद्गीर्वाणयुद्धेन नृपेणानाधिता परा ।**
**प्रसन्ना भैरवी देवी युद्धदत्ताज्ययप्रदा ।**

स्वस्ति श्री सम्बत् १८७१ साल मिति आषाढ वदि ११ रोज ३ श्री भैरवीप्रति सुंवर्णछलना श्री मन्महाराजाधिराज गिर्वाणयुद्धविक्रम साह विजयराजे श्री जर्णेल भिमसेन थापा मार्फत धामिभोजन...... कुभम् ।

**टिप्पणीः–**

त्यस वेला नेपालको अग्रेजसंग युद्ध हुने निश्चितप्रायः भइसकेको थियो । किनभने नेपालले पश्चिमको पहाडी प्रदेश कुमाउं र गढवाल आफ्नो राज्यमा मिलाइसकेको थियो । अंग्रेजले भारतमा आफ्नो बस्ती बसाउन अनुकूल पर्ने कुमाउं र गढवाल नेपालराज्यभित्र परिसकेको हुनाले त्यसमा अंग्रेजको आखाँ गढेको थियो । वि. सं. १८७० मा ब्रिटिश पार्लियामेण्टमा भारतमा अंग्रेजको उपनिवेश बढाउने कुरा निर्णय भएको हुंदा त्यही वर्षको अन्त्यतिर अंग्रेजले निहुँ थापी विवादास्पद विषय भइरहेका बुटवल जिल्ला आजका २५ दिनभित्र नेपालले छोड्नू भनी नेपाल सरकारलाई १ पत्र र नेपालले बुटवल जिल्ला छोडेन भने जवरदस्ती कब्जा गर्नू भनी गोरखपुरका जिल्लाधीशलाई आदेश पनि पठाएका थिए । नेपाल सरकारतर्फबाट गएको जवाफ अंग्रेज कहाँ पुग्न नपाउंदै अंग्रेजका सेनाले बुटवल कब्जा गरे । यस घटनाले नेपाल र अंग्रेजमा परस्पर वैरभाव भयो । अनि वि. सं. १८७१ जेठमा खटिएर गएका नेपाली सैन्यले बुटवलबाट अंग्रेजी सैन्यलाई हटाइदिए । यसैताकाको यो अभिलेख हो । त्यसैले यस अभिलेखमा "राजा श्री गिर्वाणयुद्धले आराधना गरिएकी युद्धमा जीत गराइदिने भैरवीदेवी प्रसन्न होऊन्" भन्ने भावको श्लोक अंकित गरिएको छ । त्यही भावनाले नै होला धामीभोजन लगाएको पनि ।

## रणभुवनेश्वरको घण्टाभिलेख ।

## वि. सं. १८८२ को ।

**परिचयः–**

श्री रणोद्यत शाहले फिर्केपमा रणभुवनेश्वर महादेवलाई वि. सं. १८८२ मार्ग कृष्ण १० मा घण्टा चढाएका थिए । सो घण्टा रणभुवनेश्वरको मन्दिरमा रहेको छ । उक्त घण्टामा उल्लिखित यो अभिलेख हो ।

**मूलः–**

स्वस्ति श्री शाके १७४७ सम्वत् १८८२ मिति मार्ग

कृष्ण दशम्यां तिथौ हस्त नक्षत्रे सोभाग्य योगे सोम वासरे तस्मिन् दिने श्री ५ रणभुवनेश्वर प्रिति गरी श्री रणोद्यत शाह श्री भुवनकुमारीदेवीले चह्लायाको घंट हो शुभम् ।

**टिप्पणीः–**

यी रणोद्यत शाह श्री ५ गीर्वाणयुद्धविक्रमका वैमातृक दाज्यू हुन् । वि. सं. १८५५ फाल्गुनमा रणबहादुर शाहले आफ्नी प्रेयसी कान्तिवतीपट्टिका छोरा गीर्वाणयुद्धविक्रमलाई राजगद्दीमा राख्दा त्यस बखत गीर्वाणयुद्धविक्रम डेढ वर्षका मात्र थिए । त्यसै बखत रणबहादुर शाहले आफ्नी पत्नी सुवर्णप्रभापट्टिका छोरा यी रणोद्यत शाहलाई पनि मन्त्रिमण्डलमध्येमा एक मन्त्री बनाइदिएका थिए । त्यस बखत रणोद्यत शाह पनि करीब ३।४ वर्षका मात्र थिए । यिनै रणोद्यत शाहले नुवाकोट देवीघाटपारि फिर्केपमा आफू र आफ्नी पत्नी भुवनकुमारी सहित भई रणभुवनेश्वर महादेव स्थापना गरी उनलाई वि. सं. १८८२ मार्ग कृष्ण सोम वारमा घण्टा चढाएका हुन् ।

## श्री ५ राजेन्द्रविक्रम शाहको रुक्कापत्र । वि. सं. १८८३ को ।

**परिचयः–**

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नं. नुवाकोटका धामी, चौधरी, नेवार, प्रजा, गैह्नका नाउंमा गरिदिएको यो रुक्कापत्र हो । यस पत्रमा नुवाकोटका धामी, चौधरी, नेवार, प्रजा गैह्नलाई नुवाकोटमा घरवार गरी बस्नू अन्त नजानू भनी श्री ५ राजेन्द्रविक्रम शाहले स्थिति बन्देज गरिदिएको कुरा छ । यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो ।

**मूलः–**

श्री दुर्गा श्री देवी

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... .... आगे नुवाकोटका धामी, चौधरि, नेवार, प्रजा गैह्नप्रति तिमिहरूलाई नुवाकोटमा वस्ता केहि कुराको पनि वन्देज वांधियेन भनी जत्रतत्र गै घर हालि वस्याका रह्याछौं अब र तिमिहरूको रितिस्थिति थामिबक्स्याको छ आफ्ना वालबच्चा लि नुवाकोट आइ घर बनाइ बस तिहार मानि व्यासि झरि पसल लगाइ वेपार गर्नु यात्राको पूर्णमासी मानी नुवाकोट गाउं चढि आफ्ना आफ्ना घरमा आइ बस्नु भनि बन्देज वांधिबक्स्यौं जो बन्देज नाघि बसौला सो डडाइ मागौला इति सम्वत् १८८३ श्रावण वदि २ रौज ६ शुभम्... ... ... ...

| | |
|---|---|
| मार्फत भक्तवीर थापा | मार्फत भीमसेन थापा |
| मार्फत प्राण शाह | मार्फत उदय गिरि |
| मार्फत बालनरसिंह | मार्फत दलभंजन पांडे |
| मार्फत रणोद्यत शाह | |

**टिप्पणीः–**

वि. सं. १८७३ मा गीर्वाणयुद्धको मृत्यु हुंदा यी राजेन्द्रविक्रम ३ वर्षको उमेरमा राजगद्दीमा बसेका हुन् । यस बखत १३ वर्षको उमेर पुगेको छ । यिनताका भीमसेन थापानै विशेष राजकाजसंबन्धी कामकारवाई गर्दथे । यस कारण उक्त थितिबन्देजको तजवीज राजेन्द्रविक्रमका नाउंबाट रुक्कापत्र गराएको हुन सक्दछ । यस रुक्कापत्रमा मार्फतवालाहरूमा भीमसेन थापा पनि छन् ।

## श्री ५ राजेन्द्रविक्रम शाहको लालमोहर । वि. सं. १८९४ को ।

**परिचयः–**

श्री ५ राजेन्द्रविक्रम शाहले महन्त केशर वनलाई गरि दिएको यो लालमोर हो । यसमा देवपाटनका मठमा परापूर्वकालदेखि चलिआएको रीतसित मठको धर्म चलाई मठको खेत, डिही, बरि भांडावर्तन आदि आफ्ना खातिरजामासंग भोग गर भनी केशर वनलाई महन्त्याइ दिएको कुरा छ । यो पत्रको नकल नुवाकोटका धामी हरिमानसिं दंगोलको सौजन्यबाट प्राप्त भएको हो ।

**मूलः–**

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध वीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रम शाह वहादुर सम्सेर जंग देवानां सदा समरविजयीनाम्... ... ... आगे केशर वनके अघि तिम्रा गुरुवाज्या वलदेव वन महन्तले ...१...प्रीति गम्याको देउपाटनको मठ षेत डिहि वारि कमारा कमारी भांडावर्तन असामि लहनागहना मालमालियेत जो भयाको सवै लेषि आपना जेठा चेला वालकृष्ण वनलाई दियाको रहेछ गुरुले लेषिदियावमोजिमको सहि थामि...२...बाट लालमोहर गरिवक्सनुभयाको रहेछ सोवमोजिम महन्त वालकृष्ण वनले आपना जेठा चेला केशर वनलाई दियाको रहेछ सोहि सहि थामि केशर वनलाई महन्त्याइ वक्स्यौं परापूर्वका रितसित मठको धर्म चलाई आपना षातिरजामासंग भोग्य गर इति सम्वत् १८९४ साल मिति फागुन शुदि ३ रोज ३ शुभम्... ... .... ...

मार्फत रणजोर थापा रुजु तारानाथ अर्ज्याल
मार्फत श्री रंगनाथ पण्डितराज रुजु दलभंजन पाडे

**टिप्पणीः–**

यस बखत भीमसेन थापा विषमुद्दाको आरोप लागी नजरबन्दीमा थिए। त्यसकारण मार्फतवालाहरूमा भीमसेन थापा रहेका छैनन्। यस बखत राजेन्द्रविक्रम पूरा युवक समर्थवान् भइसकेका छन्। त्यसकारण यो लालमोहर राजेन्द्रविक्रमकै तजवीजले गरिदिएको हो भन्ने कुरामा शंका हुंदैन। यिनताका राजगुरु पण्डितराज रंगनाथको प्रभाव राजदरवारमा भइसकेको थियो। त्यसकारण मार्फतवालामा रंगनाथ पनि रहन आएका देखिन्छन्।

## श्री ५ राजेन्द्रविक्रम शाहको रुक्कापत्र। वि, सं. १८९६ को।

**परिचयः–**

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नंवर नुवाकोटका भैभारदारका नाउंमा गरिदिएको यो रुक्कापत्र हो। यस पत्रमा उर्दिबमोजिम परिआएको काम तदवीर भै गर्नू भन्ने बन्देज गरिदिएको कुरा छ। यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो।

**मूलः–**

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... ... आग्ये नुवाकोट भरअंवलका थरघर औ भरभारदारका छापछप्याली चार वर्ण छतिस जातप्रति दर्वारबाट कटवालले औरा सदा दर्वारमा सामेल भै उर्दिवमोजिम परिआयाको काम तदविर भै गर्नु भन्या वंदेज वांधिवक्स्यौं जो सामेल नभै लपनछपन गरि हुहिंमायतमा लागौला तसलाई भारि डंड सासना होला सो वुझि लेष्यामाफिकको चेतन्य राषि कटवालले औरा सदा नुवाकोट दर्वारमा सामेल हुन्या काम गर इति सम्वत् १८९६ साल मिति पौष शुदि ११ रोज ४ शुभम्... ...

रुजु पुष्कर शाह मार्फत कुलराज पांडे

## श्री ५ राजेन्द्रविक्रम शाहको अर्को रुक्कापत्र। वि. सं. १८९६ को।

**परिचयः–**

श्री ५ राजेन्द्रविक्रम शाहले पश्चिम १ नंबर नुवाकोटका द्वारे कटुवाललाई गरिदिएको यो रुक्कापत्र हो। यसमा द्वारेमार्फत मोहीलाई खेत कमाउन लाउनू। मोहीले ३ साल दुबैबोटी बाली खाई चौथा सालदेखि धनीबोटी हाम्रा हजुरमा दाखिल गर्नू द्वारेले मोहीबाट खेत नखोस्नू। खोलो पहिरो गई खानगीमा खेत नपुगे गेर्खुटारको बांको बगर अवाद गरी भर्ना गरी खानू भन्ने कुराको उल्लेख छ। यस पत्रको नक्कल नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीको सौजन्यबाट प्राप्त भएको हो।

**मूलः–**

श्री दुर्गाज्यू

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का... ... ... आगे नुवाकोट जिल्लाभरका विह्लोटा विराउदासा अघि पनि नुवाकोटैका द्वार्‍यामार्फत विराउना विराउन्या मोहिले

त्रिसाला दुवैवोटि वालि षाई चौथा सालदेखि घनिवोटि हाम्रा हजुरमा सालवसाल दाषिल गर्नु विराउन्यालाई षेत षोसमोस नगर्नु भन्या वन्देज वांधिवक्स्यौं औ द्वारि कटुवालि षानगिका षेतमा षोलो पैह्लोले षाई षानगिमा षेत नपुग्दा गेर्षुटार वाक्रो मुरि १।४० वगर विह्लाई भर्ना गरि षानु भन्या मोहर गरिवक्स्यौं इति सम्वत् १८९६ साल मिति पौष शुदि ११ रोज ४ शुभम्... ... ... ... ....

रुजु पुष्कर साहा रुजु फत्यजंग साहा
मार्फत कुलराज पांडे रुजु प्रसादसिं वस्न्यात

**टिप्पणी:–**

यिनताका रंगनाथको सट्टा पुष्कर शाहको प्रभाव राजदरवारमा भइसकेको थियो । त्यसकारण रुक्कापत्रको रुजूमा पुष्कर शाह देखापर्न आएका छन् । रंगनाथ रुजू तथा मार्फतमा रहन आएका छैनन् । यिनताका राजदरवारमा भारदारहरूको बराबर विघटन भइरहन्थ्यो ।

## चौतरिया पुष्कर शाहको पत्र । वि. सं १८९७ को ।

**परिचय:–**

चौतरिया पुष्कर शाहले पश्चिम १ नंबर नुवाकोटका जमादार मणिराज थापालाई लेखेको यो पत्र हो । यस पत्रमा नुवाकोटभैरवीको गुठीका जग्गाको अघिदेखि गादीमुमारख नलिइआएको हुनाले अहिले पनि नलिनू भनी लेखेको कुरा छ । यस पत्रको नक्कल नुवाकोटका धामी हरिमानसिं दंगोलको सौजन्यबाट प्राप्त भएको हो ।

**मूल:–**

श्री भैरवी १

स्वस्ति श्री मच्चौतरिया पुष्कर शाहकस्य पत्रम् ... ... आगे ज्मादार मनिराज पाध्याके आसिस उप्रान्त नुवाकोटका ...१...का गुठका जग्गामा अघि परापूर्वदेषि सर्वरकम गादिममारष चुमावनस्मेत लाग्याको रहेनछ यो सालमा पनि नलिनु भनि हुकुम भयाको छ तसर्थ ...१...गुठका जग्गाभरमा चुमावन तहसिल नगर इति सम्वत् १८९७ साल मिति कार्तिक वदि ८ रोज १ शुभम्... ... ...

**टिप्पणी:–**

यी पुष्कर शाहका हातमा राजकाजसम्बन्धी काम आउनाको पूर्वरूप के छ भने महारानी त्रिपुरसुन्दरीदेवीले भीमसेन थापालाई सहयोग गर्दथिन् । त्रिपुरसुन्दरी छउन्ज्याल भीमसेन थापाको शक्ति मजबूत थियो । जब वि. सं. १८८८ मा त्रिपुरसुन्दरीको देहान्त भएथ्यो तब भीमसेन थापाको उन्नति पनि ओह्लालो लाग्यो । भीमसेन थापाका शत्रुहरूले उनलाई गिराउन राजदरवारमा चुक्की गरी वि. सं. १८९४ मा भीमसेन थापाउपर विषमुद्दाको आरोप लगाइयो र भीममेन थापा नजरबन्दी भए । त्यसपछि भीमसेन थापाका ठाउंमा रणजंग पांडे नियुक्त गरिए । राजदरवारमा राजेन्द्रविक्रमकी जेठी महारानी र कान्छी महारानीको परस्पर ईर्ष्या थियो । भीमसेन थापाको एक्कासि पतन र पांडेको उदयले गर्दा भारदारहरूका मनमा खुलदुली पर्नु स्वाभाविक थियो । भारदारहरूले कान्छी महारानीका मद्दतले रणजंगलाई अयोग्य साबित गरी उनलाई प्रधानमन्त्रीबाट हटाए । उनका सट्टामा रंगनाथ नियुक्त गरिए । रणजंगचाहिं प्रधान सेनापतिको काममा नियुक्त गरिए । राजेन्द्रविक्रमको अव्यवस्थित चित्तले गर्दा महारानीलाई हात लिई भारदारहरूमा दाउपेच चलिरहन्थ्यो । रङ्गनाथले पनि राजेन्द्रविक्रमको सुदृष्टि आफूमा नभएको बुझी प्रधानमन्त्रीको पदबाट राजीनामा गरे । अनि त्यस पदमा यी चौतरिया पुष्कर शाह नियुक्त गरिए । यी जीव शाहका छोरा हुन् । यिनले राजकाजसम्वन्धी काम विः सं. १८९७ कार्तिक वदि ८ सम्म चलाइरहेको कुरा यस पत्रबाट स्पष्ट हुन्छ ।

## श्री ५ पृथ्वीनारायणका कटबांसका लट्ठीको अभिलेख । वि. सं १८९७ को ।

**परिचय:–**

यो लट्ठी पश्चिम १ नंबर नुवाकोटका द्वारे श्री गणेशकुमार शाहीसंग रहेको छ । यो लट्ठी बर्सेनि नुवाकोटभैरवीको जात्रामा जात्रा चलाउन लैजानुपर्दछ भन्ने निज द्वारेको भनाइ छ । त्यस लट्ठीका टुप्पामा चांदीले मोहरेको छ । त्यस चांदीमा यो अभिलेख कुंदिएको छ ।

मूलः–

श्री ५ बडा महाराजा पृथ्वीरारायण शाहबाट राषिबक्सनुभयाको नुवाकोटछरि ९७ सालमा श्री ५ युवराजाधिराजका विवाहमा चादिले वांधि बनाउनुभयाको तयारि चादि तोला १२।६ मार्फत कपर्दार कुलराज पांडे शुभम् ।

टिप्पणीः–

श्री ५ पृथ्वी नारायण शाहले नुवाकोटभैरवीको जात्रा चलाउन राखिदिएको कटबांसको लट्ठीमा ९७ सालमा श्री ५ युवराजाधिराजका विवाहमा कपर्दार कुलराज पांडेमार्फत चांदीले बांधी बनाएको भन्ने उल्लेख हुनाले त्यसरी उल्लिखित युवराजाधिराज सुरेन्द्रविक्रम हुनुपर्दछ । किनभने यसमा मार्फत कुलराज पांडे छन् । वि. सं. १८९७ को माथिको रुक्कापत्रमा पनि मार्फत कुलराज पांडे नै छन् । त्यसकारण ९७ साल भनेको वि. सं. १८९७ हुनुपर्छ । वि. सं. १९९७ मानेको खण्डमा श्री ५ युवराजाधिराज महेन्द्रविक्रमको विवाह हुन आउंछ । त्यसमा मार्फतवाला कुलराज भन्ने व्यक्ति पनि अर्कै मान्नुपर्ने हुन्छ । श्री ५ महेन्द्रको विवाह १९९७ साल वैशाख २६।२७ गते भएको हो । यसताका नुवाकोटभैरवीको जात्रा पनि सिद्धिइसकेको हुन्छ । भैरवीको जात्रा चैत्र शुक्ल पूर्णिमाका दिन हुन्छ । उक्त लट्ठीमा चांदीले मोहोर्न लगाएर जात्रा गरेको प्रसंग पनि पर्न आउदैन अथवा युवराजका विवाहमा सो लट्ठी लानुपर्दछ भन्ने पनि कुनै कुरा थाहा भएको छैन ।

## श्री खगेन्द्रदिव्येश्वरीको घण्टाभिलेख । वि. सं. १९४५ को ।

परिचयः–

पश्चिम १ नंबर नुवाकोटभैरवीका मन्दिरमा श्री खगेन्द्रदिव्येश्वरीले चढाएको घण्टा रहेको छ । त्यस घण्टाका परिपरि लेखिएको यो अभिलेख हो ।

मूलः–

श्री सम्वत् १०४५ साल माघ शुक्ल पंचमी रेवती नक्षत्रे साध्य योगे भौम वारे वालव कर्णे तद्दिने श्री भैरवीलाई श्री गगनगिरिराजेत्यादि श्री खगेन्द्रदिव्येश्वरीदेवीले चह्रायाको घंट १ शुभम्...

टिप्पणीः–

यस अभिलेखमा खगेन्द्रदिव्येश्वरीलाई श्री गगनगिरिराजेत्यादि भन्ने प्रशस्ति दिइएको छ । त्यसकारण यिनी साधारण दुनियांदार वा भारादारकी छोरीबेटी होइनन् भन्ने स्पष्ट बुझिन्छ । श्री चन्द्रशमशेरकी १ जना छोरीको नाम खगराजदिव्येश्वरी भन्ने पाइएको छ । नाउंमा प्रायः सादृश्य चाहिं देखिन्छ । खगराज र खगेन्द्रमा ४ अक्षरको र ३ अक्षरको नाम हुन गएको छ । अर्थबाट विचार गरेमा खगराज र खगेन्द्रको एउटै अर्थ हुन्छ । तर अर्थ मिल्दैमा नाउं एउटै हो भन्न पनि अलि गाह्रो पर्ने हुंदा यो विचारणीय छ ।

## श्री ५ जेठा बडामहारानीको घण्टाभिलेख । वि. सं. १९७९ को ।

परिचयः–

श्री ५ जेठा बडा महारानीले कृष्णजीलाई चढाएको एउटा घण्टा पश्चिम १ नम्बर नुवाकोटभैरवीका मन्दिरको पछाडि एउटा ढिस्कामा रहेको छ । सो घण्टा भैरवीका स्थानमा रहेको घण्टा फुट्दा धामीले त्यसको सट्टा अर्को घण्टा बक्साउंदा उक्त घण्टा दिइपठाएकोले सो घण्टा मन्दिरमा जडान गर्दा एउटा देवताका नाउंको घण्टा अर्को देवताका मन्दिरमा जडान गरेकाले नुवाकोटभैरवी कोप हुन गइन् र निज धामी तुरुन्तै अपर्झटमा विनारोगले मऱ्यो । त्यसकारण उक्त मन्दिरबाट सो घण्टा झिकेर यहाँ राखिएको हो भन्ने हालवाला धामी हरिमानसिंको भनाइ छ ।

मूलः–

स्वस्ति श्री गिरिराज चक्रचुडामनि नरनारायणेत्यादि विविध वीरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराजा पृथ्वी वीर विक्रम जंग बहादुर शाह बहादुर पट्टराज्ञि श्री ५ ज्येठा बडा माहारानी सदा सौभाग्य धर्मसीलवन्तिदेवीनाम्बाट श्री कृष्णलाई प्रीति गरिबक्सेको ७९

साल कार्तिक सुदि ९ रोज कार्तिक २० गते वार ७ मा शुभम् ... ... ...

**टिप्पणीः–**

यस अभिलेखमा श्री ५ जेठा बडा महारानी श्री ५ महाराजाधिराज पृथ्वी वीरविक्रम शाहका पट्ट महारानी भन्ने स्पष्ट उल्लेख छ। मौसूफ श्री ५ जेठा बडा महारानीले श्री कृष्णलाई प्रीति गरिबक्सेको भन्ने कुरा घण्टामा लेखिएको छ। त्यसकारण यो घण्टा कुनै कृष्णमन्दिरमा रहेको हो भन्ने स्पष्टसंग बुझिन्छ। तर कहांको कुन कृष्णमन्दिरको हो सो कुरा ज्ञात हुन सकेन। उक्त कुरा अनुसन्धानको गर्भभित्र रहेको छ।

*